सिम्ता गाउँपालिका
SIMTA RURAL MINICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
OFFICE OF THE RURAL MINICIPAL EXECUTIVE
राकम, सुर्खेत
RAKAM, SURKHET
कर्णाली प्रदेश, नेपाल
KARNALI PROVINCE, NEPAL

प. सं. : २०८१/०८२(योजना तथा अनुगमन शाखा)

च. नं. : ५६५

मिति:-२०८१।०७।२१

**विषय:-योजना सम्झौता तथा कार्यान्वयन सम्बन्धी निर्देशन सम्बन्धमा ।**

श्री वडा कार्यालयहरु (सबै)
सिम्ता गाउँपालिका, सुर्खेत ।

उपर्युक्त सम्बन्धमा यस सिम्ता गाउँपालिकाको गाउँ सभाबाट आ.व. ०८१/०८२ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अनुसार योजना कार्यान्वयन गर्न (भवन, सडक र बिद्युत बाहेक) उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाहरुको सिम्ता गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ को परिच्छेद-२ (उपभोक्ता समितिको गठन र सञ्चालन) र परिच्छेद-३ (कार्यान्वयन तथा व्यवस्थापन) बमोजिम तपसिलका सम्पूर्ण प्रकिया पुरा गरी मिति २०८१ मंसिर मसान्तसम्म उपभोक्ता समिति गठन गरी सम्झौताका लागि गाउँकार्यपालिकाको कार्यालयमा पठाईदिनुहुन निर्देशानुसार सादर अनुरोध छ । साथै उपभोक्ता समितिहरुलाई अभिमूखिकरण कार्यक्रम पश्चात मात्र योजना कार्यान्वयन गर्नु/गराउनु हुन अनुरोध छ ।

## तपसिल

### (क) योजना सम्झौताका लागि आवस्यक कागजातहरु:-

- ✓ योजना सम्झौताको लागि तोकीएको ढाँचामा निवेदन
- ✓ आमभेलाबाट उपभोक्ता समिति र अनुगमन समिति गठन तथा खाता सञ्चालन सम्बन्धी निर्णय
- ✓ योजना सम्झौता सम्बन्धी बजेट शिर्षक, क्रमसंख्या र बिनियोजित रकम खुलेको सम्बन्धित वडा कार्यालयको सिफारिस
- ✓ सम्बन्धित वडा कार्यालयबाट योजना सम्झौता वापतको कर तिरेको रसिद
- ✓ आमभेलामा उपस्थित प्रतिनिधिसहित सवै जना देखिने गरी खिचिएको फोटो तथा आमभेलाको निर्णयको प्रतिलिपिहरु तथा उपभोक्ता समितिको नाममा बैंक खाता खोल्ने र सम्झौता गर्न जिम्मेवारी तोकेको निर्णय
- ✓ उपभोक्ता समितिका सबै पदाधिकारी तथा सदस्यको नेपाली नागरिकताको छायाँप्रति
- ✓ योजनाको प्राविधिक लागत अनुमान
- ✓ योजनाको शुरु अवस्थाको फोटो
- ✓ मालपोत कर तथा अन्य कुनै एक प्रकारको कर तिरेको रसिद

अर्जुन कुमार राना
शाखा प्रमुख

राजेन्द्र कुमार चन्द
प्रमुख प्रशासकीय अधिकृत

E-mail : simtagaupalikaskt@gmail.com Mobile No : 9858077500 Website : www.simtamun.gov.np

# सिम्ता गाउँपालिका
SIMTA RURAL MINICIPALITY
# गाउँ कार्यपालिकाको कार्यालय
OFFICE OF THE RURAL MINICIPAL EXECUTIVE
राकम, सुर्खेत
RAKAM, SURKHET

कर्णाली प्रदेश, नेपाल
KARNALI PROVINCE, NEPAL


प. सं. : २०८१/०८२(योजना तथा अनुगमन शाखा)

च. नं. : ४६४

मितिः-२०८१।०७।२१

## (ख) योजना सम्झौता गर्न आउनु अघि ध्यान दिनुपर्ने कुराहरु

- ✓ उपभोक्ता समितिका सदस्यको योग्यताः- उपभोक्ता समितिका पदाधिकारीमा जनप्रतिनिधि, बहालवाला सरकारी कर्मचारी र शिक्षक, निर्माण व्यवसायी, सरकारी बाँकी बक्यौता/ बेरुजु वा पेश्की फछ्यौंट नगरेका व्यक्तीहरु र राजनैतिक दलका पदाधिकारीहरु तथा १८ वर्ष पुरा नभएका, अन्य उपभोक्ता समितिमा सदस्य रहेका सम्बन्धित आयोजनास्थल बाहिरको व्यक्तिहरु सहभागी हुन पाईने छैन ।
- ✓ उपभोक्ता समिति गठन आयोजना स्थलमा भेला भई गर्नुपर्ने छ ।
- ✓ समाबेशी सिद्दान्तको अवलम्बन गरी गठित समितिहरुको पदमा कम्तिमा ३३ प्रतिशत महिला सहभागिता हुनुपर्ने छ ।
- ✓ एउटै व्यक्ति एक भन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाईने छैन र एकाघरका संगोलका व्यक्तिहरुबाट एउटै उपभोक्ता समितिमा बस्न पाईने छैन ।
- ✓ उपभोक्ता समितिमा प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको भेलाबाट कम्तिमा ७ देखि ११ जनासम्मको उपभोक्ता समिति गठन गर्नुपर्ने छ । खाता सञ्चालनका लागि अनिवार्य ३ जना व्यक्तिका नाममा खाता सञ्चालन हुनुपर्ने छ
- ✓ योजना सम्झौता नगरी काम गरेको पाईएमा भुक्तानीका लागि कार्यालय जवाफदेही हुने छैन ।
- ✓ ३ लाख वा सो भन्दा माथि लागत अनुमान तथा विनियोजित रकम भएका आयोजनाहरुको आयोजनास्थलमा सबैले देख्ने गरी अनिवार्य रुपमा आयोजना सूचना पाटी राख्नुपर्ने छ ।
- ✓ माथि उल्लेखित कागजातहरु अनिवार्य रुपमा योजना सम्झौता गर्न आउँदा लिएर आउनुपर्ने छ अन्यथा स्वयम जिम्मेवार हुनुपर्ने छ ।

अर्जुन कुमार राना
योजना शाखा प्रमुख

राजेन्द्र कुमार चन्द
प्रमुख प्रशासकिय अधिकृत

श्री सूचना प्रविधि शाखा -
सबै वेबसाईट तथा आधिकारिक पेजमा योजना अपलोड गरिदिनुहुन ।